# ज्योतिषशास्त्र शिक्षणका लागि सम्भावित विधिहरू

अम्बरराज ढकाल

सहायक प्राध्यापक

ज्योतिषविभाग

पिण्डेश्वर विद्यापीठ

धरान-नेपाल

*dhakalguru12@gmail.com*

Possible Methods for Teaching Astrology
- by Ambar Raj Dhakal

The article suggests some of the possible teaching methods of astrology subjects in the schools and University. The study concludes that modern methods of class and teaching such as teacher-centre as helpful for both theoritical and practical teaching. Student-centre method can be applied for practical activities. Moreover, we can also use problem solving method, research method, lecture method, project-word method, supervision method, case study method and observatory method for bringing theoritical knowlege into practical skill.

***लेखसार***

*पौरस्त्य ज्योतिषशास्त्रको शिक्षणमा गुरुमुखी पद्धति नै सबैभन्दा उत्तम मानिन्छ । ज्योतिर्विद् गुरुका सान्निध्यमा रहेर ज्योतिषशास्त्रको सैद्धान्तिक र व्यावहारिक ज्ञान आर्जन गर्ने श्रुति परम्परागत पद्धति ज्योतिषशास्त्रको पौरस्त्य शिक्षणविधि हो । आधुनिक कक्षाकोठामा ज्योतिष विषयको शिक्षण गर्दा प्रयोग हुने शिक्षककेन्द्रित विधि, विद्यार्थीकेन्द्रित विधि र अन्तरक्रियात्मक विधि चाहिँ आधुनिक विधि हुन् । विद्यालय वा विश्वविद्यालयमा ज्योतिषशास्त्रको अध्यापनका सन्दर्भमा यिनै आधुनिक शिक्षणविधिको प्रयोग गर्नु उपयुक्त देखिन्छ । शिक्षककेन्द्रित विधिद्वारा शिक्षण गर्दा ज्योतिष विषयको सैद्धान्तिक व्याख्या मात्र हुने तर त्यसको व्यावहारिक प्रयोगमा विद्यार्थी असफल हुने सम्भावना अत्यधिक देखिन्छ । त्यसैले ज्योतिष कक्षाका सैद्धान्तिक विषयलाई व्यवहारमा प्रयोग गर्न*

*विद्यार्थीकेन्द्रित प्रयोगात्मक विधिहरू उत्तम मानिन्छन् । ज्योतिषीय विषयका सैद्धान्तिक ज्ञानका लागि व्याख्यान वा प्रवचनविधि, गणितीय रूपान्तरणविधि र प्रदर्शनविधि प्रभावकारी मानिन्छन् । सैद्धान्तिक ज्ञानको व्यावहारिक प्रयोग गर्न भने विद्यार्थीकेन्द्रित शिक्षणविधि उपयुक्त देखिन्छन् । समस्यासमाधान विधि, खोज तथा अन्वेषणविधि, परियोजनाकार्य विधि, सर्वेक्षणविधि, घटनाअध्ययन विधि, अवलोकन विधिद्वारा शिक्षण गर्न सके सैद्धान्तिक ज्ञानलाई व्यवहारिक सीपमा ढाल्न सहज देखिन्छ । त्यस्तै अन्तरक्रियात्मक विधिबाट पनि ज्योतिषशास्त्रको ज्ञानपक्ष र शिल्पपक्ष दुवैको विकास हुने प्रभावकारी शिक्षण गर्न सकिन्छ । यसका लागि विद्यार्थी स्वयम्ले गरेर सिक्ने र शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्ने वतावरण बनाउनु पर्छ । यही निष्कर्ष र उपलब्धि यस शोधलेखबाट प्राप्त भएको छ ।*

***शब्दकुञ्जिका*** *: ज्योतिषशिक्षण विधि, ज्योतिषशास्त्र प्रवर्तक, ज्योतिषग्रन्थ प्रणयन, ज्योतिषपाठ्यक्रम ।*

## विषय परिचय

ज्योतिषशास्त्रका शिक्षणविधिको अन्वेषण र विश्लेषण गर्नु नै यस शोधलेखको मुख्य विषय हो । नेपालमा आधुनिक शिक्षापद्धतिको विकास भएसँगै ज्योतिषशास्त्रको अध्ययन अध्यापन पनि विद्यालयीय र विश्वविद्यालयीय आधुनिक पद्धतिबाट हुने गरेको छ। आधुनिक कक्षाकोठामा पौरस्त्य ज्योतिषशास्त्रको शिक्षण कसरी गर्न सकिन्छ भन्ने विषयमा खासै चिन्तन भएको पाइँदैन । सिकारुलाई ज्योतिषशास्त्र सहजै सिक्न र शिक्षकलाई पनि उपलब्धीमूलक शिक्षण गर्न ज्योतिष विषयको शिक्षणका विधि वा पद्धतिको ज्ञान आवश्यक हुन्छ । नेपालमा ज्योतिषशास्त्रको ज्ञान गुकुलीय पद्धतिबाट श्रुतिपरम्परामा विकसित हुँदै आएको देखिन्छ । साथै यहाँ ज्योतिषशास्त्रको निकै लामो शास्त्रीय परम्परा पनि छ । त्यसमा गहनतम शास्त्रीय ग्रन्थहरू रहेका छन् । त्यस्ता ग्रन्थहरू अचेल विश्वविद्यालय र विद्यालयका निर्धारित पाठ्यक्रममा पठनपाठनका लागि राखिएका छन् । ती ग्रन्थसँग सम्बन्धित ज्योतिषशास्त्रको शिक्षणमा प्रयोग गरिने शिक्षणविधिको अन्वेषण र विश्लेषणमा यो अध्ययन केन्द्रित रहेको छ । साथै यस शोधलेखमा ज्योतिषशास्त्रको शिक्षणका लागि केही आधुनिक शिक्षणविधिहरूको प्रस्ताव गरिएको छ ।

## समस्या कथन

ज्योतिषशास्त्रको शिक्षणमा के कस्ता शिक्षणविधि पाइन्छन् र तिनको प्रयोग कसरी गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासलाई यस शोधलेखको मुख्य समस्या मानिएको छ । यहाँ समस्या कथनलाई निम्नानुसार निर्धारण गरिएको छ ।

(क) ज्योतिषशास्त्रको शिक्षणका विधि वा पद्धतिहरू के के छन् ?
(ख) ज्योतिषशास्त्रका शिक्षणविधिलाई कसरी प्रयोग गर्न सकिन्छ ?

## उद्देश्य

ज्योतिषशास्त्रका शिक्षणविधिको खोजी गर्दै तिनको विश्लेषण गर्नु यस शोधलेखको मुख्य उद्देश्य हो । माथि समस्या कथनमा आएका समस्यालाई समाधान गर्नका लागि यस शोधलेखमा निम्नानुसारका उद्देश्य निर्धारण गरिएको छ ।

(क) ज्योतिषशास्त्रका शिक्षणविधि वा पद्धतिहरूको खोजी गर्ने ।

(ख) ज्योतिषशास्त्रका शिक्षणविधिको विश्लेषण गर्दै तिनको प्रयोग र उदाहरण प्रस्तुत गर्ने ।

## सीमाङ्कन र शोधविधि

ज्योतिषशास्त्रको अध्यापनका सन्दर्भमा प्रयोग गर्न सकिने शिक्षणविधिको विश्लेषण गर्नु यस शोधलेखको मुख्य सीमा हो । ज्योतिषशास्त्रका ग्रन्थप्रणयन पद्धतिबाट, नेपालको गुरुकुलीय पद्धतिबाट, माध्यमिक शिक्षा पाठ्यक्रमबाट र नेपाल संस्कृत विश्वविद्यालयको पाठ्यक्रममा निर्देशित विधिबाट ज्योतिष शिक्षणविधिको खोजी गरी तिनको प्रयोगपरक विश्लेषणमा यस अध्ययनलाई सीमित गरिएको छ । संस्कृत वाङ्मयका अन्य विधाको शिक्षणमा पनि प्रयोग गर्न सकिने शिक्षणविधिलाई विश्लेषण गर्दा यहाँ ज्योतिषशास्त्रको शिक्षणविधिका रूपमा मात्र विश्लेषण गरिएको छ । उदाहरणलाई पनि ज्योतिषशास्त्रको विषयवस्तुमा सीमित गरी प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधलेखमा पुस्तकालयीय पद्धतिबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलन गरिएको छ । शिक्षणविधिको समीक्षका क्रममा विश्लेषणात्मक विधि, वर्णनात्मक विधि, प्रयोगात्मक विधि र दृष्टान्त विधिको उपयोग गरिएको छ । विषयविज्ञहरूसँगको अनौपचारिक छलफल र कुराकानीबाट प्राप्त सुझावलाई पनि यथोचित स्थान दिइएको छ ।

## पूर्वाध्ययन समीक्षा र समस्याको औचित्य

ज्योतिषशास्त्रका शिक्षणविधिको चर्चा पाठ्यक्रममा बाहेक अन्यत्र त्यति धेरै भएको पाइँदैन । नेपाल संस्कृत विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रमा ज्योतिष शिक्षणको विधिलाई सूत्रबद्ध रूपमा उल्लेख गरिएको पाइन्छ । तर त्यहाँ ती शिक्षणविधिलाई कसरी प्रयोग गर्ने भन्ने विषयमा खासै चर्चा गरिएको पाइँदैन । त्यसैगरी माध्यमिक शिक्षा पाठ्यक्रममा चाहिँ ज्योतिष शिक्षणविधिको बुँदागत व्याख्या समेत गरिएको पाइन्छ ।

ज्योतिषशास्त्रको अध्यापनका प्राज्ञिक क्षेत्रमा यस शोधलेखको औचित्य रहेको छ। ज्योतिष विषयका पाठ्यक्रम निर्माता, विश्वविद्यालयको ज्योतिष विभाग, विश्वविद्यालयमा ज्योतिष विषय अध्यापन गराउने प्राध्यापक, विद्यालयका शिक्षक, प्रशिक्षक, विद्यार्थी साथै यससँग जिज्ञासा राख्ने जोकोहीलाई पनि यसको औचित्य रहने छ । ज्योतिषशास्त्रको शिक्षणविधि के रहेछ भनी जान्न चाहने पाठकका लागि पनि यो लेख औचित्यपूर्ण हुनेछ ।

## विषय विश्लेषण

### ज्योतिषशास्त्रभित्रै ज्योतिष शिक्षणविधिको अन्वेषण

वेदका छवटा अङ्ग (शिक्षा, कल्प, व्याकरण, ज्योतिष, छन्द, निरुक्त) मध्ये ज्योतिषशास्त्र सर्वोत्तम अङ्ग नेत्रको रूपमा परिचित छ । चारवेदमा रहेको ज्योतिषतत्वलाई तिनका वेदाङ्गमा व्याख्या गरिएको छ । तिनलाई वेदाङ्ग ज्योतिष भनिएको छ । वेदाङ्ग ज्योतिषको विषयवस्तुलाई उपनिषद् तन्त्र र पुराणहरूमा विस्तारपूर्वक प्रतिपादन गरिएको पाइन्छ । त्यसपछि ज्योतिषशास्त्रका प्रवर्तक अष्टादश[1] आचार्यहरूले आफ्ना शिष्यप्रशिष्य परम्पराबाट ज्योतिषशास्त्रको ज्ञान हस्तान्तरण गर्ने क्रममा ज्योतिषशास्त्रीय ग्रन्थप्रणयन भएका देखिन्छन् । ज्योतिषीय ग्रन्थप्रणयनका आफ्नै मौलिक विधि रहेका देखिन्छन् । ज्योतिषशास्त्रका ग्रन्थप्रवर्तक आचार्यहरूका ग्रन्थभित्रै घोत्लिएर हेरेको खण्डमा त्यहाँ पौरस्त्य ज्योतिष शिक्षणका प्राचीनतम तर अति नै उपयोगी विधि वा पद्धति फेला पार्न सकिन्छ । ज्योतिषशास्त्र प्रवर्तक आचार्यहरूले गुरु-शिष्य परम्परामा ज्योतिष संहिताको विषयलाई *व्याख्यान विधि*द्वारा, गणितीय विषयलाई *सूत्रविधिद्वारा,* आकाशीय तारापुञ्ज, नक्षत्रपुञ्ज, राशिपुञ्ज तथा ग्रहपिण्डहरूको ज्ञानलाई प्रदर्शन वा *अवलोकनविधिद्वारा,* जातकतत्वको विषयलाई वर्णनद्वारा र गुरुशिष्यको *संवाद वा प्रश्नोत्तर विधिद्वारा* ज्योतिषशास्त्रको ज्ञान हस्तान्तरण गरेको बुझिन्छ । अतः ज्योतिषशास्त्रको शिक्षणमा व्याख्यानविधि, सूत्रविधि, प्रदर्शन तथा अवलोकनविधि र प्रश्नोत्तर वा संवादविधि तथा वर्णनात्मकविधिको प्रयोग गर्न सकिने कुरा ज्योतिषशास्त्रका शास्त्रीय ग्रन्थप्रणयनका विधिलाई अवलोकन गर्दा थाहा पाउन सकिन्छ । जस्तै-

---

१. क) सूर्यः पितामहो व्यासो वसिष्ठोऽत्रिः पराशरः । कश्यपो नारदो गर्गो मरीचिर्मनुरङ्गिराः ॥
रोमशः पौलिशश्चैव च्यवानो यवनो भृगुः । शौनकोऽष्टादशाश्चैते ज्योतिःशास्त्रप्रवर्तकाः ॥
ख) ब्रह्माचार्यो वसिष्ठोऽत्रिर्मनुः पौलस्त्य रोमशौ । मरीचिरङ्गिरा व्यासो नारदः शौनको भृगु ॥
च्यवनो यवनो गर्गःकश्यपश्च पराशरः । अष्टादशैते गम्भीराः ज्योतिः शास्त्रप्रवर्तकाः ॥ आचार्यः लोकमणिदाहालः, **भातीयज्योतिषशास्त्रस्येतिहासः**, (वाराणसीः चौखम्बा सुरभारती प्रकाशन, द्वितीय संस्करण, सं.२०००३ ) पृ. ९ ।

***व्याख्यानविधि*** : भृगुसंहिता, कश्यपसंहिता, वसिष्ठसंहिता, नारदसंहिता जस्ता ग्रन्थनिर्माणमा प्रयोग भएको विधि हो ।

***सूत्रविधि*** : भृगुसूत्र, शुकसूत्र, जैमिनिसूत्र आदि ग्रन्थनिर्माणमा प्रयोग भएको विधि हो ।

***प्रदर्शन तथा अवलोकनविधि*** : गोलबोध, गोलपरिभाषा, गोलाध्याय आदि ग्रन्थनिर्माणमा प्रयोग भएको विधि हो ।

***प्रश्नोत्तर/संवादविधि*** : अ) उमामहेश्वर संवाद, रुद्रयामल र शिवस्वरोदयमा प्रयोग भएको विधि हो ।

आ) सूर्य–मय संवाद, सूर्यसिद्धान्त निर्माणमा प्रयोग भएको विधि हो ।

इ) पराशर–मैत्रेय संवाद बृहत्पाराशरहोराशास्त्रम् निर्माणमा प्रयोग भएको विधि हो ।

***वर्णनात्मकविधि*** : सामुद्रिक शास्त्रको प्रणयनमा प्रयोग भएको विधि हो । अतः पौरस्त्य ज्योतिषशास्त्रको शास्त्रीय शिक्षणविधिको खोजी गर्दा त्यहीँभित्र यी पद्धतिहरू फेला परेका छन् । यी सबै विधिहरू शास्त्रप्रणयन र तिनको अवलोकनबाट प्राप्त भएका हुन् । यिनलाई ज्योतिषशास्त्रका शास्त्रीय शिक्षणविधि मान्न सकिन्छ । वर्तमान सन्दर्भमा पनि व्याख्यानविधि, सूत्रविधि, प्रदर्शन तथा अवलोकन विधि, प्रश्नोत्तर वा संवादविधि, र वर्णनात्मकविधिहरू ज्योतिषशास्त्रको शिक्षणमा अति नै उपयोगी देखिन्छन् ।

**नेपालको ज्योतिषीय परम्परामा ज्योतिष शिक्षणविधिको खोजी**

गुरुशिष्य दुवै सान्निध्यमा रहेर गुरुमुखी पद्धतिबाट ज्योतिष सिक्ने र सिकाउने परम्परा नेपालमा धेरै पुरानो छ । अद्यापि यस गुरुमुखी पद्धतिबाट ज्योतिष सिकाएका र सिकेका प्रतिष्ठित ज्योतिर्विद्हरू विद्यमान हुनुहुन्छ । नयराज पन्तको गुरुकुल यसको ज्वलन्त उदाहरण हो । पाङ पर्वतीय ज्योतिष, चहके ज्योतिष आदि यसका अन्य उदाहरण हुन् । यो गुरुमुखी ज्योतिष शिक्षण पद्धति अमुद्रित छ साथै श्रुतिपरम्परामा जीवित छ। यस पद्धतिबाट शास्त्रीय ज्योतिषलाई आधार मानी स्थानीय पञ्चाङ्ग गणना, स्थानीय लग्नमान गणना, लग्नसारिणी, षड्वर्ग कुण्डली सहित जन्मपत्रिका निर्माण, त्रिभागी दशा गणना, कुण्डलीको फलादेश गर्ने जस्ता मौलिक विशेषता विकसित भएका छन् । यस पद्धतिबाट नेपालमा ज्योतिषशास्त्रका महानतम ग्रन्थहरू सुरक्षित रहन सकेको प्रमाण पाइन्छ । खोटाङ जिल्लाको लामिडाँडा ग्राम निवासी पण्डित देवीप्रसाद भट्टराईसँग

रहेको भृगुसंहिता वि.सं. २०२३ सलमा आफूले देखेको कुरा लोकमणि दाहालले उल्लेख गरेका छन् ।[२] यस प्रकारको बृहत्काय ग्रन्थ गुरुकुलीय पद्धतिबाट मात्रै सुरक्षित रहन सकेको देखिन्छ । ज्योतिषशास्त्रको यस्तो गुरुकुल पद्धति आजको युगमा अन्यत्र कहीँ सुनिएको छैन जो नेपालको श्रुतिपरम्परामा जीवित छ ।

नेपालमा ज्योतिषशास्त्रको ज्ञान विस्तार गर्ने उद्देश्यले नै नेपाली भाषामा सर्वप्रथम ज्योतिष विषयका ग्रन्थ भास्वती (लेखक शतानन्द) र खण्डखाद्यकरणम् (लेखक ब्रम्हगुप्त )को अनुवाद भएको इतिहास पाइन्छ ।[३] संस्कृत भाषमा लिखित भास्वती वि.सं.११५६/शक संवत् १०२१ मा र खण्डखाद्यकरणम् वि.सं.७२२/शक संवत् ५८७ मा रचना भएका ज्योतिषशास्त्रका करण ग्रन्थ हुन् । वि.सं. १४५० तिर यी ग्रन्थलाई अनुवाद रूपान्तरण गरिएको पाइन्छ ।[४] नेपाली भाषामा यी संस्कृत भाषाका ग्रन्थको टीका लेखिए पछि वि.सं. १४५० तिरबाट ज्योतिषशास्त्रको शिक्षणमा अनुवाद रूपान्तरण र पञ्चाङ्ग तथा अहर्गण गणना गर्ने गणतीय विधिको प्रारम्भ भएको अनुमान गर्न सकिन्छ । अज्ञात समयदेखि नै मुढे पञ्चाङ्ग( हस्तलिखित पात्रो) गणना गर्ने पद्धति रहेको र यो पद्धतिले मुद्रणको विकाश हुनु पहिले नै पात्रो गणना गर्न सिकाएको देखाउँछ। त्यो समयमा हरेक ज्योतिषीले आफ्ना लागि आफैँ पञ्चाङ्ग गणना गरेर राख्ने प्रचलन थियो । अरूले गणना गरेको पञ्चाङ्ग हेर्ने ज्योतिषीको इज्जत नै थिएन ।[५] मुद्रणको युग प्रारम्भ भएपछि नेपालको पहिलो पात्रोका रूपमा वि.सं. १९४६ देखि ज्योतिषी तोयानाथ पन्तको पञ्चाङ्ग प्रकाशन भएको सूचना पाइन्छ ।[६] यो पञ्चाङ्गगणनाको पद्धतिमा केही संशोधन भएपनि अद्यावधि प्रचलित छँदैछ । त्यस्तै नेपाली ज्योतिषीले लेखेका चिनामा भास्वतीको अहर्गण उल्लेख हुनुले पनि ज्योतिष सिक्न र सिकाउन भास्वतीको अनुवाद रूपान्तरणले अहम् भूमिका खेलेको पाइन्छ । यसरी नेपाली भाषामा

---

२. नेपालाधिराज्यान्तर्गतखोटाङमण्डलवर्तिलामिडाँडाग्रामवास्तव्यः पण्डितवरदेवीप्रसादभट्टराईमहोदयपार्श्वे अस्माभिः १८८८ मितशकाब्दे भृगुसंहिता दृष्टाऽसीत् ।
यतादृशस्य बृहत्कायग्रन्थस्य प्रणयनं तु गुरुकुलेष्वेव सम्भवतीति सत्यमेव । न हि काचिद् गुरुकुलपद्धतिरप्येतादृशी साम्प्रतिकयुगे श्रुता । आचार्यलोकमणिदाहालः,**भारतीय ज्योतिषशास्त्रस्येतिहासः**, (वाराणसीः चौखम्बा सुरभारती प्रकाशन,द्वितीय संस्करण, ई. सं.२००३ ) पृ.१४७ ।

३. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** ( ललितपुरः साझा प्रकाशन, नवौँ संस्करण,२०६४), पृ. ९ ।

४. ठाकुर पराजुली, **नेपाली साहित्यको परक्रिमा**, ( ललितपुरः साझा प्रकाशन, वि.सं. २०४५) पृ. ।

५. सहप्राध्यापक पुरूषोत्तम भट्टराई, (पूर्वशिक्षाध्यक्ष, नेपाल संस्कृत विश्वविद्यालय) सँग गरिएको कुराकानिमा आधारित ।

६. सूर्यनाथ पन्त, **तोयनाथ पञ्चाङ्ग,** (काठामाडौँ : चतुर्भुज प्रकाशन प्रा.लि, (सम्पा.) वि.सं.२०७९) पृ. १ ।

ज्योतिषीय ग्रन्थ अनुवाद गर्ने, पात्रो निर्माण गर्ने र ज्योतिषशास्त्र सिक्ने सिकाउने अनुवाद रूपान्तरणको परम्पराको विकास भएको देखिन्छ। यस परम्पराबाट ज्योतिषशास्त्रको शिक्षणमा अनुवाद रूपान्तरणविधि, पञ्चाङ्गगणनाविधि, कुण्डली निर्माणविधि, त्रिभागीदशा गणनाविधि विकास भएर आएका छन् । यसरी नेपालको ज्योतिषीय परम्परामा ज्योतिष शिक्षणका गुरुकुल पद्धति, अनुवाद रूपान्तरणको पद्धति तथा पञ्चङ्गगणनाको गणितीय पद्धति विकसित भएको देखिन्छ ।

**पाठ्यक्रममा निर्देशित ज्योतिषशास्त्रका शिक्षणविधिहरूको खोजी**

शिक्षणविधि पाठ्यक्रमका पाँच प्रमुख अङ्ग पाठ्यवस्तु, उद्देश्य, शिक्षणविधि, शिक्षणसामग्री र मूल्याङ्कनमध्ये तेस्रो महत्त्वपूर्ण अङ्ग हो । पाठ्यक्रका उद्देश्य हासिल गर्न एवम् पाठ्यवस्तुको प्रभावकारी शिक्षणका लागि पाठ्यक्रमले शिक्षणविधि र शिक्षण सामग्रीको समेत निर्देश गरेको हुन्छ । माध्यमिक शिक्षा पाठ्यक्रममा शिक्षणविधिलाई शिक्षण सहजीकरण प्रक्रिया भनिएको छ । नेपाल संस्कृत विश्वविद्यालयको पाठ्यक्रलाई अवलोकन गर्दा उत्तरमध्यमास्तरीय पाठ्यक्रम (२०५६), शास्त्रीस्तरीय पाठ्यक्रम (२०५७), एवम् हाल अद्यावधिक गरिएको नयाँ पाठ्यक्रम (२०७८) मा ज्योतिषशास्त्रको अध्यापनका लागि आवश्यक विधिहरू अपनाउन निर्देश गरिएको देखिन्छ । तर आचार्य स्तरीय पाठ्यक्रमामा भने शिक्षणविधि वा पद्धतिको उल्लेख भएको पाइँदैन । माध्यमिक तहको ज्योतिष विषयको पाठ्यक्रम र नेसंविको ज्योतिषशास्त्रको पाठ्यक्रमामा उल्लेखित शिक्षणविधिहरूलाई समीक्षा गर्दै यहाँ उपयुक्त शिक्षणविधिको खोजी गर्ने प्रयास गरिएको छ ।

**पाठ्यक्रममा ज्योतिष शिक्षण पद्धति**

***उत्तरमध्यमा स्तरीय पाठ्यक्रम (२०५६) मा ज्योतिष शिक्षणपद्धति*** - नेपाल संस्कृत विश्वविद्यालयको पाठ्यक्रम (२०५६) ले ज्योतिष शिक्षण पद्धतिका रूपमा *"निगमनागमनव्याख्यानप्रश्नोत्तराद्याः पद्धतयो यथाविषयमवलम्वनीयाः" भन्दै निम्न चार प्रकारका शिक्षणविधिरु निर्देश गरेको पाइन्छ । ती निम्न छन्-(क) निगमनविधि, (ख) आगमनविधि, (ग) व्यख्यानविधि (घ) प्रश्नोत्तरविधि ।*

उक्त विधिमध्ये कुन पाठ्यांशको शिक्षणमा कुनविधि प्रयोग गर्ने भन्नेकुरा नखुलाइएकाले यसले औपचारिकतालाई मात्र वहन गरेको देखिन्छ । साथै यसमा शिक्षण सामग्रीको उल्लेख नगरिएको हुनाले यो शिक्षणविधि कमै मात्र विश्वशनीय र मापनीय देखिन्छ । विश्वविद्यालयबाट

उत्तरमध्यमा तह नै खारेज भइकेका सन्दर्भमा अब कक्षा ११ र १२ को पाठ्यक्रममा ज्योतिष शिक्षण विधिको खोजी गर्नु पर्ने हुन्छ ।

**शास्त्रीस्तरीय पाठ्यक्रम (२०५७) मा ज्योतिष शिक्षणपद्धति**

शास्त्रीस्तरीय पाठ्यक्रम (२०५७) मा सिद्धान्तज्योतिष र फलितज्योतिषका लागि अलग अलग शिक्षणपद्धतिको उल्लेख गरिएको छ । फलितज्योतिषको शिक्षणका लागि "निगमनागमन-विमर्श-प्रश्नोत्तर-व्याख्यानाद्याः पद्धतयोः यथाविषयमवलम्बनीयाः " भनी निगमन, आगमन, विमर्श, प्रश्नोत्तर, व्याख्यान आदि पद्धतिहरू विषयवस्तु अनुसार अवलम्बन गर्न योग्य भएको कुरा निर्देश गरिएको छ । तर कस्तो विषयवस्तुमा कुन विधि प्रयोग गर्ने भन्ने कुरामा यो पाठ्यक्रम पनि मौन देखिन्छ । साथै शिक्षण सामग्रीका सन्दर्भमा पनि उक्त पाठ्यक्रम मौन देखिन्छ ।

सिद्धान्तज्योतिषको शिक्षणपद्धतिमा भने निम्न पाँच बुँदा उल्लेख गरिएको छ ।

क) अध्येतव्यविषये परिचयप्रदानम् (व्याख्यानविधि)

ख) शैक्षिकसामग्रीप्रदर्शनेन ज्ञातव्यविषये औत्कण्ठ्योत्पादनम् (प्रदर्शनविधि)

ग) सम्बद्धविषयाणां सरलपद्धत्या वर्णनम्, विश्लेषणम्, विवेचनं, समीक्षणम् (व्याख्यानविधि)

घ) प्रश्नोत्तररूपेण पुनरावृत्तिकरणम् (प्रश्नोत्तरविधि)

ङ) गृहकार्यप्रदानेन ज्ञातव्यविषयाणां स्थिरीकरणम्, लेखाभ्यासः, सम्पादनं विषयगतत्रुटिनिवारणं मूल्याङ्कनं आवश्यकनिर्देशनञ्च (कण्ठस्थीकरणविधि)

उपर्युक्त बुँदाहरूमध्ये पहिलो र तेस्रोले व्याख्यानविधिलाई सङ्केत गरेका छन् भने दोस्राले प्रदर्शनविधि र चौथोले प्रश्नोत्तरविधिलाई सङ्केत गरेका छन् । यहाँ कुन विधिको प्रयोग कसरी गर्ने भन्नेमा स्पष्टता देखिँदैन । कुन विषयवस्तुको शिक्षणमा कस्तो शैक्षणिक सामग्री प्रयोग गर्ने भन्नेमा पनि यो पाठ्यक्रम मौन देखिन्छ । यसरी शास्त्रीस्तरीय पाठ्यक्रकम (२०५७) ले पनि ज्योतिषशास्त्र शिक्षणका प्रभावकारी विधिलाई स्पष्ट गर्न सकेको देखिँदैन ।

**शास्त्रीस्तरीय पाठ्यक्रम (२०७८) मा निर्दिष्ट शिक्षणविधिहरू**

हालै अद्यावधिक गरी लागू गरिएको शास्त्रीस्तरीय पाठ्यक्रम (२०७८) ले पूर्ववर्ती पाठ्यक्रमका तुलनामा केही आधुनिक शिक्षणविधि, शिक्षणक्रियाकलाप र शिक्षणसामग्रीका साथै

मूल्याङ्कनविधिमा समेत नवीन प्रवृत्तिलाई आत्मसात गरेको देखिन्छ । यसमा उल्लेखित शिक्षणविधिहरू निम्नअनुसार देखिन्छन् :

*क) शिक्षणक्रमेऽधिकाधिकरूपेण छात्राणां सहभागिता भवत्वित्यत्र समायोजनीया (उत्प्रेरणा)*

*ख) तदनु सामूहिकविचारविमर्श संवाद प्रश्नोत्तरादिमाध्यमेन छात्रा प्रेरणीयाः (शिक्षणविधि)*

*ग) शास्त्रार्थशैल्या परस्परं संवादप्रश्नात्तरादिप्रक्रियया सरलया संस्कृतगिरा छात्राः शिक्षणीयाः । शिक्षणे निगमनागमन-प्रश्नोत्तर-प्रवचन विमर्श-प्रदर्शनात्मकाः शिक्षणविधयः एवात्र प्रयुज्यन्ते (शिक्षणविधि)*

*घ) सति सम्भवे शिक्षकैस्तदितरा अन्वेषणपरियोजनासम्बद्धाः प्राक्कल्पनादयश्छात्रकेन्द्रिता विधयोऽपि प्रयोक्तुं शक्यन्ते (शिक्षणविधि )*

*ङ) शिक्षणे यथासम्भवं अधिकाधिकछात्रसहभागितापूर्वकं शिक्षकैर्यथावसरं तत्र मार्गं निर्दिश्य योजकस्य भूमिका निर्वहणीया भवति (उत्प्रेरणा)*

पाठ्यक्रमको उपर्युक्त शिक्षणविधिले पूर्ववर्ती पाठ्यक्रमका शिक्षणविधिलाई पछ्याउँदै अझ अत्याधुनिक छात्रकेन्द्रित अन्वेषणविधि र परियोजनाविधिलाई पनि स्वीकार गरेको देखिन्छ । यहाँ शिक्षकलाई सिकारुको मार्ग निर्देशक तथा सिकाइ प्रक्रियाको योजकको भूमिका निर्वाह गर्न प्रेरित गरिएको देखिन्छ । यस पाठ्यक्रममा शिक्षक केन्द्रित निगमन, आगमन, प्रवचन, विमर्श, र प्रदर्शनविधि तथा छात्र केन्द्रित अन्वेषणविधि र परियोजनाविधिलाई अनुशरण गरी पठनपाठन गर्न निर्देश गरेको देखिन्छ । अद्यावधिक पाठ्यक्रम (२०७८) ले ज्योतिषशास्त्रका शाखाहरू (जातकशास्त्र, मुहूर्तशास्त्र, वास्तुशास्त्र सामुद्रिकशास्त्र, शकुनशास्त्र आदि) को विधागत विषय शिक्षणमा पनि विषयवस्तु अनुसारका शिक्षणविधि र शिक्षणसामग्री प्रयोग गर्न सचेत गराएको छ, जस्तैः–

*"पाठ्यांशस्यास्य शिक्षणे यथावश्यकं व्याख्यानप्रश्नोत्तरविश्लेषणतुलनात्मकागमन निगमनाद्याः शिक्षणविधयः प्रयोक्तुं शक्यन्ते । शिक्षकैस्तदितराः प्राक्कल्पनादयः छात्रकेन्द्रिता विधयोऽपि विषयक्षेत्रगताध्ययनसहजीकरणायाबलम्बनीयाः । समुचितानां प्रतिपाद्य-विषयाणामवबोधने श्रव्यदृश्यसामग्रीणां प्रयोगो विधेयः । विशेषावस्थायामन्तर्जालादिमाध्यमेन दूरशिक्षणमपि सम्बद्धशिक्षकेण विभागेन विद्यापीठेन वा कर्तव्यम् । मूलतो मुहूर्तविषयकशिक्षणक्रमे नेपाले प्रकाशितानां पञ्चाङ्गपत्राणां प्रयोगस्तथा वास्तुविषयकशिक्षणक्रमे*

*तद्विषयसम्बद्धानां चित्रपटादीनां प्रदर्शनं कर्तव्यम् । भूमेः शुभाशुभत्वपरिज्ञाने गृहनिर्माणे च दिशानिर्देशकयन्त्र (Compas) स्य प्रयोगो विधेयः "*

यसरी नेसंविको पाठ्यक्रममा उल्लेख भएका शिक्षणविधिलाई अवलोकन गर्दा ज्योतिषशास्त्रको शिक्षणका लागि निगमन, आगमन, व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, अन्वेषण, परियोजनाकार्य, सर्वेक्षण, विमर्श, समूह छलफल तथा शास्त्रार्थशैली जस्ता शिक्षणविधिहरू प्रयोग गर्न सकिने देखिन्छ । यी बाहेक अनुवादरूपान्तरणविधि, सूत्रविधि, अवलोकनविधि, घटना अध्ययनविधि, जस्ता शिक्षणविधिहरूलाई पनि प्रयोग गर्न सकिन्छ।

**माध्यमिक शिक्षा पाठ्यक्रम (२०७६) मा ज्योतिष शिक्षणविधि**

माध्यमिक शिक्षा पाठ्यक्रम (२०७६) मा शिक्षणविधिलाई शिक्षण सहजीकरण प्रक्रिया भनिएको छ । फलितज्योतिष विषयको कक्षा ११ र १२ को पाठ्यक्रममा शिक्षण सहजीकरण प्रक्रियालाई सिकारुमा सम्बद्ध विषयवस्तुको ज्ञानपक्ष र शिल्पपक्षको अवधारणा विकास गराउने माध्यमका रूपमा स्वीकार गरिएको छ । यसबाट विद्यार्थीमा सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक सीपको विकास हुने उद्देश्य राखिएको देखिन्छ । विषयक्षेत्रगत ज्ञान र क्रियात्मक क्षमताको शिल्प विकासका लागि अध्ययन सहजीकरण प्रक्रियालाई अपरिहार्य मानिएको छ । यस प्रक्रियामा छात्रकेन्द्रित क्रियाकलापको महत्त्वलाई स्वीकार गरिएको छ। यो प्रक्रिया सामूहिक, व्यक्तिगत र अभ्यासमा आधारित हुने कुरा उल्लेखित छ । यसरी माध्यमिक शिक्षा पाठ्यक्रम (२०७६) ले फलितज्योतिष शिक्षणका लागि उपयुक्त शिक्षण सहजीकरण प्रक्रियालाई १५ वटा बुँदामा निर्देश गरेको छ । ती मध्ये केहीलाई उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

१. शिक्षणे विशेषरूपेण विद्यार्थीकेन्द्रितशिक्षणविधिरवलम्बनीयः ।
२. मुहूर्तशास्त्राध्यापनात्पूर्वं तत्र प्रयोज्यमानानां तिथिवारनक्षत्र-योगकरणायर्नतुमासादि विषयाः परिचेतव्याः । ततः प्रचलितपञ्चाङ्गस्य सहाय्येन, व्याख्यानेनोदाहरणेन, व्यतीतोदाहरणदर्शनेन, तद्विश्लेषणेन, पञ्चाङ्गप्रदर्शनेन च सम्बद्धविषयाः आकर्षकशैल्या शिक्षणीयाः ।
३. जातकशास्त्रस्याध्यपनात्पूर्वमध्यापनीया राशि-राशिस्वामी-लग्न-होरा- द्रेष्काण-नवमांश-द्वादशांश-त्रिंशांश-मूलत्रिकोण-ग्रहमैत्री-ग्रहदृष्टि-नीचादिजातकसम्बद्धविषयाः सोदाहरणं सकुण्डलीकमध्यपनीयाः ।

४. जातकग्रन्थस्य यः श्लोकः पाठनीयो भवति प्रथमं तच्छ्लोको लेखनीयः ततश्च श्लोकानुगतमन्वयमन्वयानुगतं वर्णनम् कुण्डल्यामुदाहरणं च प्रस्तुतव्यम् ।

५. ऐतिहासिकमहापुरुषाणां कुण्डलीप्रदर्शनेन तेषां जीवने घटितघटनानां पठितशास्त्राधारेण विश्लेषणं विधाय शास्त्रोक्तफले छात्राणां दृढविश्वासः कारयितव्यश्च ।

६. कमपि क्रियात्मकमध्ययनं परिकल्प्य प्रथममेका जन्मपत्रिका छात्राणां पुरतोऽध्यापकेनैव निर्मेया । ततश्चैतादृशं भिन्नं भिन्नं जन्मस्थानं परिकल्प्य भिन्नभिन्नजन्मपत्रिका निर्माणे विद्यार्थिनो गृहकार्ये प्रेरयितव्याः ।

७. स्वच्छाकाशसमये ग्रहाणां नक्षत्राणां ग्रहणस्य चावलोकनं कारयित्वैतेषामध्ययने छात्राः प्ररयितव्याः।

८. नेपालस्य नगरकोटस्थितवेदशालायामथवाऽन्यस्थानस्थवेदशालायां विद्यार्थीनो नाययित्वा तत्र दूरदर्शकयन्त्रसहाय्येन ग्रहनक्षत्रवेधकरणविधिश्च दर्शयितव्यः ।

यसरी माध्यमिक शिक्षा पाठ्यक्रमले शिक्षणविधिलाई शिक्षण सहजीकरण प्रक्रियाका रूपमा व्याख्या गर्दै ज्योतिष शिक्षणमा शिक्षककेन्द्रित, विद्यार्थीकेन्द्रित र अन्तरक्रियात्मक शिक्षणविधिलाई अवलम्बन गर्न जोड दिएको छ । विशेष गरी व्याख्यानविधि, प्रदर्शनविधि, दृष्टान्तविधि, अवलोकनविधि, प्रयोगात्मकविधि, समूहछलफलविधि आदिद्वारा शिक्षकले विद्यार्थीलाई अध्ययन सहजीकरण प्रक्रियामा सहजकर्ताको भूमिका निर्वाह गर्न सुझाएको देखिन्छ ।

**ज्योतिष शास्त्रशिक्षणका प्रस्तावित विधिहरू**

ज्योतिषशास्त्र सिक्ने र सिकाउने विधि र प्रक्रियालाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गरी प्राप्त निष्कर्षका आधारमा ज्योतिष शिक्षणका केही विधिहरूलाई यहाँ प्रस्ताव गरिएको छ । ती विधि वा प्रक्रियालाई मुख्यतः तीन वर्गमा विभाजन गरेर प्रस्तुत गरिएको छ । पहिलो वर्गमा शिक्षककेन्द्रित शिक्षणविधि दास्रोमा विद्यार्थीकेन्द्रित शिक्षणविधि र तेस्रोमा अन्तरक्रियात्मक शिक्षणविधि प्रस्तुत गरिएको छ ।

***शिक्षककेन्द्रित शिक्षणविधि* -** शिक्षककेन्द्रित विधिबाट ज्योतिषशास्त्रको शिक्षण गर्दा निगमनविधि, व्याख्यान वा प्रवचनविधि , गणितीय रूपान्तरणविधि एवम् प्रदर्शनविधिलाई प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ । यसमा शिक्षकको सक्रियता बढी र विद्यार्थीको सक्रियता कम हुन्छ ।


*निगमनविधि* - सर्वप्रथम ज्योतिषसम्बद्ध पाठ्यांशको विषयस्तुसँग सम्बन्धित ज्योतिषीय सिद्धान्त सिकाएर त्यो सिद्धान्तको उदाहरण दिने निगमनविधि ज्योतिषशास्त्रको शिक्षणमा निकै उपयोगी मानिन्छ । यस विधिको प्रयोग गर्दा कुनै एउटा पठनीय श्लोकलाई शिक्षकले आदर्श वाचन गरिदिने । विद्यार्थीलाई पनि अनुवाचन गर्न लगाउने र शुद्धतापूर्वक श्लोक लेख्न लगाउने । शिक्षकले श्लोकानुगत अन्वय र अन्वयानुगत अर्थको वर्णन गरिदिने । अर्थबाट प्रकट भएको ज्योतिषीय सिद्धान्तलाई विश्लेषण गर्दै उदाहरण र प्रयोगबाट सिद्धान्त पुष्टि भएको देखाउने, जस्तै : कालपुरुषाङ्गम्

कालाङ्गानि वराङ्गमानमुरो हृत्क्रोडवासोभृतो

वस्तिर्व्यञ्जनमूरुजानुयुगले जङ्घे ततोऽङ्घ्रिद्वयम् ॥

अन्वयः मेषादि राशयः क्रमेण १.वराङ्गम् (शिरः), २.आननम् (मुखम्), ३.उरः ( बाहुयुगलम्), ४.हृत् (हृदयः), ५.क्रोडवासः( उदरम्), ६.भृतः(कटी), ७.वस्ति (आसनम्), ८.व्यञ्जनम् (गुप्ताङ्गम्), ९.उरुयुगलम्, १०.जानुयुगलम्, ११.जङ्घाद्वयम्, १२.अङ्घ्रिद्वयम् च कालपुरुषस्य अङ्गानि सन्ति ।

स्पष्टताका लागि कुण्डलीमा हेर्नुहोला ।




*व्याख्यान वा प्रवचनविधि* - ज्योतिषशास्त्रको पाठ्यांशका सैद्धान्तिक विषयवस्तुलाई व्याख्यान वा प्रवचनविधिबाट शिक्षण गर्न सकिन्छ । यस विधिबाट सूर्यादि नवग्रहको स्वरूप र परिचय, मेषादि राशिको स्वरूप र परिचय, ग्रह तथा राशिको बलाबल, कुण्डलीका द्वादशभावको प्रकृति, भावको शुभाशुभत्व, विविध प्रकारका योग र तिनका लक्षण, पञ्चाङ्गको परिचय, जस्ता विषयवस्तुलाई व्यख्यानविधिको प्रयोगबाट शिक्षण गर्न सकिन्छ । व्याख्यानका लागि निर्धारित श्लोक, त्यसको अन्वय, तथा सरल संस्कृत भाषमा त्यसका अर्थको व्याख्या गर्दै प्रवचनविधिबाट ज्योतिष विषय शिक्षण गर्न सकिन्छ।

*गणितीय रूपान्तरण वा सूत्रविधि* - संस्कृत भाषको पद्यशैलीमा निबद्ध ज्योतिषशास्त्रको ज्ञानलाई गणितीय शैलीमा  रूपान्तरण गरी ज्योतिषीय विषय सिकाउने यो पद्धतिलाई सूत्रविधि भनिन्छ । विद्यार्थीलाई ज्योतिष विषयको पाठ्यांशमा भएको संस्कृत पद्यशैलीको बोध गर्न कठिनाइ भएमा शिक्षकले त्यसलाई सरल संस्कृतभाषमा सूत्रबद्ध गरी विषयवस्तुको शिक्षण गर्न सकिन्छ । पाठ्यांशमा भएका कठीन संस्कृत पद्यांशलाई सूत्रविधिको सहायताले सूत्रमा रूपान्तरण गर्दै ज्योतिषका गणितीय विषयवस्तुको शिक्षण गर्न सकिन्छ[७] । जस्तै :

श्लोक– खषड्घ्नं भयातं भभोगोद्धृतं तत् , खतर्कघ्नयातोडुयुक्तं द्विनिघ्नं ।

नवाप्तं शशिभागपूर्वस्तुभुक्ति, खखाभ्राष्टवेदा भभोगेन भक्ता ॥

सूत्रः क)   **(भयातम् ×६० ) + (यातोडु × ६०) × २**

**भभोग**

**९**   **= अंशादि स्पष्टचन्द्र ।**

सूत्र : ख)  **खखाभ्राष्टवेदा (४८००० )**

**भभोगेन भक्ता   =चन्द्रगति**

*प्रदर्शनविधि* - ज्योतिषशास्त्रको शिक्षणमा प्रदर्शनविधि निकै प्रभावकारी र परिणाममुखी मानिन्छ । यस विधिको प्रयोग गर्दा सर्वप्रथम शिक्षकले पाठ्यांशसँग सम्बन्धित श्रव्यदृश्य सामग्री चयन गर्नुपर्छ। यस्ता सामग्री शिक्षकले स्वयम् निर्माण गर्न वा इन्टरनेटको सञ्जालबाट पनि लिन सकिन्छ । ग्रह नक्षत्र राशि आदि चक्र, वास्तुचक्र, दशाचक्र, पञ्चाङ्ग, कुण्डली, सारिणी जस्ता सामग्रीको प्रदर्शनबाट पाठ्यांशसँग सम्बन्धि विषयवस्तुको शिक्षण गर्न सकिन्छ, जस्तै :–




७. ततः प ... ग्रत्रेभ्यो

विषय...

**माध्यमि...**

शिक्षककेन्द्रित शिक्षणविधिका शिक्षणक्रियाकलाप र शिक्षणसामग्रीलाई तालिकामा पनि देखाउन सकिन्छ ।

| **शिक्षककेन्द्रित शिक्षणविधि** | **शिक्षण क्रियाशलाप** | **शिक्षण सामग्री** |
|---|---|---|
| १. व्याख्यान वा प्रवचनविधि | –व्यख्यान बुँदाको प्रस्तुतीकरण, –पाठ्यांशमा निर्धारित ग्रहराशिनक्षत्रआदिको स्वरूप,स्वभाव,अवस्था जस्ता विषयको सैद्धान्तिक व्याख्या,विश्लेषण र विवेचना । | –निर्धारित पाठ्यपुस्तक, व्याख्यानबुँदाहरू,मुद्रति अन्य सामग्रीहरू,<br>–सञ्जालमा प्राप्त पाठ्यांशसम्बद्ध श्रव्यदृश्य सामग्री,<br>–पिडिएफ पाठ्यपुस्तक । |
| २. गणितीय रूपान्तरण वा सूत्रविधि | –पाठ्यांशमा भएको संस्कृत पद्यांशलाई गणितीय शैलीमा सूत्रबद्ध गर्ने,<br>–श्लोकको अन्वय गर्दै कठिन शब्दको अर्थ बताउने । | पठ्यांशसम्बद्ध श्लोक, त्यसको अन्वय, सूत्र, कठिनशब्दार्थ, पर्यायवाचीशब्द ।<br>–सञ्जालमा प्राप्त पाठ्यपुस्तकका पिडिएफ पुस्तकहरू । |
| ३. प्रदर्शनविधि | –ग्रहकक्षा, ज्योतिषचक्र, वास्तुचक्र,कुण्डली,सारिणी, पञ्चाङ्ग,ग्रहदशातालिका जस्ता दृश्यसामग्री प्रस्तुत गर्ने र तिनको व्यख्या गर्ने | – ग्रहकक्षा, ज्योतिषचक्र, वास्तुचक्र,कुण्डली,सारिणी, पञ्चाङ्ग,ग्रहदशातालिका आदि शिक्षक निर्मित सामग्री वा नेटका श्रव्यदृश्य सामग्री । |

***विद्यार्थीकेन्द्रित शिक्षण विधि***– विद्यार्थीले आफैँ गरेर सिक्ने विधि विद्यार्थीकेन्द्रित शिक्षणविधि हो । यस विधिमा शिक्षकले सहयोगीको भूमिकामा रहनु पर्छ । ज्योतिषशास्त्रको शिक्षणमा विद्यार्थीकेन्द्रित शिक्षणविधि अन्तरगत समस्यासमाधानविधि, खोज वा अनुसन्धानविधि, परियोजना कार्यविधि, सर्वेक्षणविधि, घटना अध्ययनविधि तथा अवलोकनविधिलाई उपयोग गर्न सकिन्छ ।

*समस्या समाधान विधि* - यस विधिबाट ज्योतिषशास्त्रको शिक्षण गर्दा शिक्षकद्वारा पाठ्यांशसँग सम्बन्धित कुनै एउटा समस्या दिएर विद्यार्थीलाई तत्काल वा कक्षाकार्यमा वा गृहकार्यमा समाधान

गर्न लगाइन्छ । यसका लागि सर्वप्रथम शिक्षकले समस्याहरूको सूची र समस्या समाधान हुने तालिका, चक्र, सारिणी, पञ्चाङ्ग आदि विद्यार्थीलाई उपलब्ध गराउनु पर्छ। साथै उत्तरकुञ्जिका पनि निर्माण गर्नुपर्छ । उत्तरकुञ्जिकाले समस्यालाई छिटो समाधान गर्न सहयोग गर्दछ, जस्तैः–

१. वि.सं.२०७९ आषाढ ११ गते अग्निवास कहाँ छ ? (अग्निवास तालिको प्रयोग गर्ने)

२.शुक्रको विंशोत्तरी दशावर्ष कति हो ? (दशावर्ष तालिकाको प्रयोग गर्ने )

३. सूर्यका मित्र र शत्रु को को हुन् ? (ग्रहमैत्री तालिकाको प्रयोग गर्ने )

४. नन्दादि तिथि र तिनका स्वामी तालिकामा देखाउनुहोस् ।

*खोज तथा अन्वेषण विधि-* ज्योतिषशास्त्रको शिक्षणमा यो विधि निकै नै प्रभावकारी देखिन्छ । यसले विद्यार्थीलाई ज्योतिषशास्त्रको ज्ञान र सीप दुबै हासिल गर्न सहयोग गर्छ । विद्यार्थीलाई स्वयम् विषयवस्तुको अन्वेषण गर्दै सिक्ने अवसर प्राप्त हुन्छ । ज्योतिषको पाठ्यांशसँग सम्बन्धित विषय अन्वेषण गर्न लगाई यो विधिको प्रयोग गर्न सकिन्छ । निश्चित समयको लग्न, मुहूर्त, दशा अन्तर्दशालाई लग्नसारिणी, मुहूर्त तालिका, दशान्तर्दशा तालिका आदिबाट खोज्न लगाएर यो विधिको प्रयोग गर्न सकिन्छ । जस्तै :

१ २०७९ असार ११ गते दिउँसो १ बजेको लग्न पत्ता लगाउनु होस् । (पञ्चाङ्गको दैनिक लग्न सारिणी प्रयोग गर्ने)

२ असार महिनामा कुनकुन दिन रवियोग पर्दछ ? पत्ता लगाउनुहोस् । (रवियोग तालिका प्रयोग गर्ने)

३ आषढ शुक्लपक्षमा कहिले कहिले रुद्री जुर्छ ? पत्ता लगाउनुहोस् । (शिववास तालिका प्रयोग गर्ने)

*परियोजना कार्य (विधि)* - परियोजनाकार्यलाई वर्तमान पाठ्यक्रममा मूल्याङ्कनविधिको महत्वपूर्ण अङ्गका रूपमा स्वीकार गरिएको छ । शास्त्रीतहको आन्तरिक मूल्याङ्कनमा परियोजना कार्यलाई अनिवार्य मानिएको छ। ज्योतिषशास्त्रको शिक्षण गर्दा निश्चित समयमा पुरा हुने खालका निम्न अनुसारका परियोजना कार्य दिएर यस विधिको प्रयोग गर्न सकिन्छ :

१. जन्मपत्रिका निर्माणको परियोजनाकार्य ।

२. षड्वर्ग कुण्डली निर्माणको परियोजनाकार्य ।

३. ससन्धि द्वादशभाव साधनको परियोजनाकार्य ।

४.सूर्यादि ग्रहका दशान्तर्ददशा साधनको परियोजनाकार्य, आदि ।

*सर्वेक्षण विधि* - स्थलगत निरीक्षण र सर्वेक्षणका साथ शिक्षण गरिने सर्वेक्षणविधिलाई ज्योतिषशास्त्र

अन्तर्गतको वास्तुशास्त्र शिक्षण गर्दा प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ । वास्तुशास्त्रका मूल्यमान्यतालाई आत्मसात गरी वास्तुअनुकुल निर्माण गरिएका भवन, राजप्रासाद, देवालय, जलाशय, ढुङ्गेधारा, आरामगृह(प्रतीक्षालय), धर्मशाला, वनवृक्ष, वाटिका आदिको स्थलगत सर्वेक्षणबाट वास्तुशास्त्रको शिक्षणमा प्रभावकारिता आउँछ । यसबाट वास्तुशास्त्रका नियमहरू प्रयोग भए नभएको प्रत्यक्ष सर्वेक्षण गरी सिकाउन सकिन्छ ।

*घटना अध्ययन विधि* - ज्योतिष विषयसँग सम्बन्ध राख्ने कुनै पनि राष्ट्रिय अन्तर्राष्ट्रि वा खगोलीय घटना परिघटनाको अध्ययनबाट पनि ज्योतिष विषयको शिक्षण गर्न सकिन्छ । सूर्यग्रहण वा चन्द्रग्रहणको समयमा हुने आकाशीय दृश्य, त्यस समयको भौगोलिक परिदृश्य, समाजका धार्मिक सांस्कृतिक क्रियाकलाप जस्ता घटनाको अध्ययनबाट ज्योतिषशास्त्रको ग्रहणसँग सम्बन्धित विषयवस्तु शिक्षण गर्न सकिन्छ । त्यस्तै गम्भीर खालका राष्ट्रिय घटना वा दुर्घटनाहरू कुन मुहूर्तमाघटेका हुन् भनी मुहूर्त अध्ययन गर्न सकिन्छ । गम्भीर प्रकृतिका दुर्घटना, आत्महत्या, आगलागी आदिबाट निधन हुने व्यक्तिका कुण्डलीको अध्ययनबाट अकालमृत्युयोगको प्रभावकारी शिक्षण गर्न सकिन्छ ।

*अवलोकन विधि* - अवलोकनविधि पनि ज्योतिषशास्त्र शिक्षणको एउटा प्रभावकारी विधि हो । यसबाट विद्यार्थीले विषयको प्रत्यक्ष ज्ञान हासिल गर्न सक्छन् । उनीहरूलाई दूरदर्शक यन्त्रको सहायताले आकाशीय नक्षत्र, तारापुञ्ज,राशि, ग्रह आदि अवलोकन गराउँदै ज्योतिषको शिक्षण गर्न सकिन्छ । दूरविनको सहायताले सूर्यचन्द्र ग्रहणको अवलोकनबाट ग्रहणको ज्ञान प्रत्यक्ष हासिल गर्न सकिन्छ । विद्यार्थीकेन्द्रित शिक्षणविधिका मुख्य मुख्य बुँदाहरू निम्न अनुसार छन् :

| **विद्यार्थीकेन्द्रित शिक्षणविधि** | **शिक्षणक्रियाकलाप** | **शिक्षणसामग्री** |
|---|---|---|
| १.समस्यासमाधानविधि | –शिक्षकले कुनै एउटा समस्या विद्यार्थीलाई दिएर कक्षा वा गृहकार्यमा समाधान गर्न लगाउने,<br>–पाठ्यांशसम्बद्ध प्रश्न दिने र समाधान गर्न लगाउने । | –समस्या समाधान गर्ने सूत्रसूची<br>–समस्या समाधान हुने तालिका, सारिणी आदि<br>–सम्बद्ध पाठ्यांश |
| २.खोज/अन्वेषणविधि | –पाठ्यांशसँग सम्बन्धित विषय खोज गर्न लगाउने ।<br>–लग्न, मुहूर्त, ग्रहशत्रु, मित्र, सम आदि पहिचान गर्न लगाउने । –ग्रहदशान्तर्दशा | लग्नसारिणी, मुहूर्तसारिणी, ग्रहदशाचक्र, आदि |

| | | |
|---|---|---|
| | आदि अन्वेषण गर्न लगाउने । | |
| ३.परियोजनाकार्यविधि | –षड्वर्गकुण्डली निर्माण, जन्मपत्रिका निर्माण, दशान्र्तदशासाधन,ससन्धिभावसाधन आदिको परियोजनाकार्य गर्न दिने । | –षड्वर्ग सारिणी, जन्मपत्रिका चार्ट,पञ्चाङ्ग आदि । |
| ४.सर्वेक्षणविधि | –गृहवास्तु,वास्तुभूमि,वास्तुअनुकुल निर्मित भवन, राजप्रासाद,देवालय,वनवाटिका आदिको स्थलगत सर्वेक्षण गर्न लगाउने । | –वास्तुचित्र, वास्तुचक्र, वास्तुअनुकुल निर्मित भवन, देवालय, राजप्रासाद आदि । |
| ५.घटनाअध्ययनविधि | –खगोलीय घटनाहरू जस्तैः सूर्यचन्द्रग्रहण,उल्कापात आदि घटनाको वस्तुगत अध्ययन गर्न लगाउने, ग्रहणफल परीक्षण गराउने –गम्भीर खालका राष्टीय घटना वा दुर्घनाका मुहूर्त अध्ययन गर्ने । –गम्भीर दुर्घटनामा निधन हुने व्यक्तिका कुण्डली अध्ययन गर्न दिने | ग्रहणतालिका, ग्रहणफलतालिका, दुर्घटनासूची, तत्कालिककुण्डली । |
| ६.अवलोकनविधि | ग्रहण अवलोकन गराउने, | दूदर्शकयन्त्र, दूरविन । |

***अन्तरक्रियात्मक विधि*** – शिक्षक र विद्यार्थीको सामूहिक अन्तरक्रियाबाट शिक्षण गरिने विधिलाई अन्तरक्रियात्मक शिक्षणविधि भनिन्छ । यसमा शिक्षक र विद्यार्थीले सामूहिक कार्य गरेर ज्योतिषशास्त्रको सिकाई प्रक्रियालाई उपलब्धीमूलक बनाउन सकिन्छ । यस विधि अन्तरगत प्रश्नोत्तर, समूहछलफल, गोष्ठी र शास्त्रार्थशैली विधि पर्दछन् ।

*प्रश्नोत्तर विधि* - ज्योतिषशास्त्रप्रति विद्यार्थीहरूको रूचि बढाउन र उत्प्रेरित गर्न प्रश्नोत्तरविधि प्रभावकारी हुन्छ । शिक्षकले ज्योतिषको पाठ्यांशका विषयवस्तुसँग सम्बद्ध छोटा छोटा प्रश्न गर्दै विद्यार्थीलाई उत्तर भन्न लगाएर यो विधिको प्रयोग गर्न सकिन्छ, जस्तै :

१. पञ्चाङ्गपत्रस्य पञ्चाङ्गानि कानि ?

२. सूर्यस्य उच्च राश्यांशाः के ?

३. स्त्रीसंज्ञकानां राशीनां नामानि कानि ?

४. तारा नामानि कानि ?

***समूह छलफल विधि-*** शिक्षक र विद्यार्थी दुवैले सामूहिक छलफल र अन्तरक्रियाद्वारा शिक्षण गर्ने विधिलाई समूहछलफलविधि भनिन्छ। शिक्षकले नेतृत्व गरेको विद्यार्थीको समूह निर्माण गरी निश्चित विषयमा छलफल गर्दै निकालिने निष्कर्षबाट ज्योतिषशास्त्रमा यस विधिको उपयोग गर्न सकिन्छ। कुण्डलीका योगहरूको सामूहिक फलादेश, वास्तुभूमि वा गृहवास्तुको सामूहिक अवलोकन, सूर्यचन्द्र ग्रहणको सामूहिक अवलोकन जस्ता क्रियाकलापबाट विद्यार्थीले सहज रूपमा विषयवस्तुको ज्ञान आर्जन गर्न सक्छन्। यस विधिबाट मेला, उत्सव वा पर्वहरूमा सामूहिक कार्यक्रमको आयोजना वा ज्योतिष शिविर सञ्चालन गरी समूहमा ज्योतिष शिक्षण गर्न सकिन्छ, जस्तै :

१. सामूहिक कुण्डलीपरामर्श शिविर

२. सामूहिक वास्तुपरामर्श शिविर

३. सामूहिक मुहूर्तपरामर्श शिविर

***विमर्श वा गोष्ठीविधि*** - ज्योतिषशास्त्रका विभिन्न विषयमा विचार गोष्ठी वा विमर्श गोष्ठीको आयोजना गरेर शिक्षण गर्ने पद्धतिलाई गोष्ठीविधि भनिन्छ। शिक्षक विद्यार्थी दुवै सहभागी भई ज्योतिषशास्त्रका विज्ञजनहरूबाट ज्योतिषीय विविध विषयमा विचार गोष्ठी वा विमर्श गोष्ठीको आयोजना गरेर पनि ज्योतिष शिक्षण गर्न सकिन्छ, जस्तै :

१.पञ्चाङ्ग प्रशिक्षण शिविर,

२.मुहूर्तविचार गोष्ठी,

३.वास्तु प्रशिक्षण कार्यशाला,

४.राशिफल प्रशिक्षण कार्यशाला, आदि।

***शास्त्रार्थशैली विधि*** - ज्योतिष विषयको पाठ्यांशसँग सम्बन्धित कुनै निश्चित विषयमा शास्त्रीय प्रमाणहरूलाई प्रस्तुत गर्दै विद्यार्थी, शिक्षक वा ज्योतिष विषयका जानकार व्यक्तिहरूलाई सहभागी गराई शास्त्रार्थशैलीबाट ज्योतिष शिक्षण गर्न सकिन्छ। यसका लागि कुनै एउटा दृष्टान्त प्रस्तुत गरी त्यसका आधारमा शास्त्रार्थ गर्न सकिन्छ। फलितज्योतिषका निम्न अनुसारका विषयमा शास्त्रार्थ गर्न गराउन सकिन्छ :

१. कुण्डलीमा बालारिष्टयोग विचार

२. कुण्डलीका भावको शुभाशुभत्व विचार

३. शुभकर्ममा त्याज्यदोष विचार

४.यात्राका शुभाशुभ शकुन विचार आदि

अन्तर्क्रियात्मक विधिका मुख्य बुँदाहरूलाई निम्न अनुसार देखाइएको छ :

| अन्तरक्रियात्मक शिक्षणविधि | शिक्षणक्रियाकलाप | शिक्षणसामग्री |
|---|---|---|
| १.प्रश्नोत्तरविधि | –पाठ्यांशसम्बद्ध छोटा छोटा प्रश्न गर्दै उत्तर भन्न लगाउने । | –प्रश्नसूचीपत्र, उत्तरकुञ्जिका |
| २.समूह छलफलविधि | –विद्यार्थीको समूह निर्माण गरी निश्चित विषयमा छलफल गर्दै निष्कर्ष निकाल्न लगाउने ।<br>–सामूहिक रूपमा ज्योतिषीय विषयवस्तुलाई मात्र समेटी साप्ताहिक, पाक्षिक वा मासिक पत्रिका प्रकाशन गर्न लगाउने<br>–सामूहिक ज्योतिषपरामर्श सेवा प्रदान गर्ने, | –नक्षत्रचक्र, तिथि तालिका, ग्रहतालिका, विविधकुण्डलीहरू<br>–चार्ट पेपर |
| ३.विमर्शगोष्ठिविधि | –ज्योतिषशास्त्रका विविध विषयमा विचारगोष्ठी, विमर्शगोष्ठी आदि आयोजना गर्ने र विज्ञहरूबाट ज्योतिषीय विषयमा विमर्श गर्ने । | –ज्योतिष विषयका विज्ञहरू । |
| ४.शास्त्रार्थशैलीविधि | –ज्योतिष गणित, जातक, मुहूर्त, वास्तुसम्बद्ध विषयमा विद्यार्थीहरूबीच शास्त्रार्थ गराउने र शिक्षकले शास्त्रीय निर्णय सुनाउने । | –ज्योतिषका शास्त्रीय श्लोकप्रमाण लेखिएका श्लोकपत्तीहरू । |

## निष्कर्ष र उपलब्धि

नेपालमा ज्योतिषशास्त्र शिक्षणको परम्परा निकै पुरानो देखिन्छ । पौरस्त्य ज्योतिषशास्त्रको प्रमुख शिक्षणविधि गुरुकुलीय श्रुतिपरम्पराको गुरुमुखी पद्धति नै हो । नेपालका अधिकांश ज्योतिषीहरूले श्रुतिपरम्परागत गुरुमुखी पद्धतिबाट ज्योतिषशास्त्र सिक्दै र सिकाउँदै आएका छन् । तर आधुनिक कक्षकोठामा ज्योतिषशास्त्रको शिक्षणविधि र पद्धतिका विषयमा खासै चिन्तन भएको पाइँदैन । ज्योतिष सिक्ने र सिकाउने उद्देश्यले ज्योतिषीय ग्रन्थ भास्वतीको नेपाली भाषमा अनुवाद भएदेखि यता अनुवाद रूपान्तरणको पद्धतिबाट ज्योतिषशिक्षण प्रारम्भ भएको इतिहास पाइन्छ । गुरुकुलीय पद्धतिबाट विकसित हुँदै आएको पौरस्त्य ज्योतिषशास्त्रको नेपालको ज्योतिष अध्ययन अध्यापन पद्धतिले विश्वविद्यालयको स्थापना भएपछि मात्रै औपचारिकता प्राप्त गरेको बुझिन्छ । महेन्द्र/नेपाल संस्कृत विश्वविद्यालयको स्थापना (२०४३) भएपछि विश्वविद्यालयको ज्योतिष विभागले निर्माण गरेको पाठ्यक्रममा ज्योतिषशिक्षणका विधि र पद्धतिरूको उल्लेख गरिएको छ । विश्वविद्यालयका प्रारम्भिक पाठ्यक्रमहरूमा संस्कृत वाङ्मयका शास्त्रीय शिक्षणविधिहरू जस्तै

आगमनविधि, निगमनविधि, विमर्शविधि, प्रश्नोत्तरविधि र व्याख्यानविधि वा पद्धतिलाई ज्योतिषशास्त्रका विषयवस्तु अनुसार अवलम्बन गर्न निर्देश गरिएको छ । माध्यमिक शिक्षा पाठ्यक्रम (२०७६) ले चाहिँ शिक्षणविधिलाई शिक्षण सहजीकरण प्रक्रिया भनेको छ । यसमा ज्योतिषशास्त्रको शिक्षणका लागि विद्यार्थी केन्द्रित विधिलाई अवलम्बन गर्न केही बुँदारू उल्लेख गरएिको छ । नेपाल संस्कृत विश्वविद्यालयको अद्यावधिक पाठ्यक्रम (२०७८) ले भने ज्योतिषशास्त्र शिक्षणका लागि अधुनातन विधि, पद्धति र प्रविधिहरूलाई समेत प्रयोग गर्न सकिने शिक्षणविधि र शिक्षणसामग्रीको उल्लेख गरेको छ । साथै अद्यावधिक पाठ्यक्रममा ज्योतिषका विविध विषयवस्तु अनुसारका आधुनिक शिक्षणसामग्रीको निर्माण गर्न ज्योतिष विषयका शिक्षक, ज्योतिष विभाग र विद्यापीठलाई आह्वान गरिएको छ । यसरी निर्मित शिक्षणसामग्रीको प्रयोग गर्दै आधुनिक प्रविधिमैत्री शिक्षणविधिबाट ज्योतिषशास्त्रको अध्यापन गर्न सकिन्छ । यहाँ यो लघुअध्ययनको शोधलेखबाट ज्योतिषशास्त्रको शिक्षणविधि वा शिक्षण सहजीकरण प्रक्रियालाई शिक्षक केन्द्रितविधि, विद्यार्थीकेन्द्रित विधि र अन्तर्क्रियात्मक विधि अन्तर्गतका विभिन्न विधि र पद्धतिको विश्लेषण गरी तिनको प्रयोगका लागि उदाहरण समेत प्रस्तुत गरिएको छ । यही कुरा यस शोध लेखको मुख्य उपलब्धि हो । ज्योतिषशास्त्रको शिक्षणमा प्रयोग गर्न सकिने व्याख्यान वा प्रवचनविधि, संवाद वा प्रश्नोत्तरविधि, प्रदर्शनविधि, गोष्ठीविधि वा सामूहिक विमर्शविधि, परियोजनाकार्य विधि, अन्वेषणविधि, अवलोकनविधि र शास्त्रार्थशैली विधिको प्रयोगात्मक पद्धति अनुसरण गर्दै ज्योतिष विषयको शिक्षण गर्न सकिन्छ भन्ने निष्कर्ष यस शोधलेखमा निकालिएको छ ।

## सन्दर्भ सामग्रीसूची


...... (२०५५), *आचार्य प्रथमखण्डस्य पाठ्यक्रमः*, महेन्द्रसंस्कृत विश्वविद्यालय ।

...... (२०५६), *उत्तरमध्यमास्तरीयः पाठ्यक्रमः*, महेन्द्रसंस्कृत विश्वविद्यालयः ।

...... (२०७६), *माध्यमिकशिक्षापाठ्यक्रमः* (फलितज्योतिषम्), पाठ्यक्रमविकासकेन्द्रः ।

.... (२०५७), *शास्त्रिस्तरीयपाठ्यक्रमः*, महेन्द्र संस्कृत विश्वविद्यालय ।

..... (२०७८), *शास्त्रिस्तरीयः पाठ्यक्रमः (शास्त्री प्रथमवर्षः)*, नेपाल संस्कृत विश्वविद्यालय ।

...... (ई.२०१५), *सूर्यसिद्धान्तः* (कपिलेश्वरशास्त्रीकृत् संस्कृत एवम् हिन्दीटीकाद्वयसंवलितः, संपा. सत्येन्द्र मिश्र), चौखम्बा संस्कृत भवन ।

जगद्देव (ई.२००८), *सामुद्रिकशास्त्रम्* (हिन्दीटीकाकार पं अभयकात्यायन), चौखम्बा सुरभारती

प्रकाशन ।

जैमिनि (२०६४), *जैमिनिसूत्रम्* (हिन्दी व्यख्याकार श्रीअच्युतानन्द झा, पञ्चम संस्करण), चौखम्बा संस्कृत सिरिज आफिस ।

दाहालः, लोकमणिः (ई.२००३), *भारतीय ज्योतिषशास्त्रस्येतिहासः,* चौखम्बा सुरभारती प्रकाशन ।

पराजुली, ठाकुर (२०४५), *नेपाली साहित्यको परिक्रमा,* (दो.सं.), साझा प्रकाशन ।

पराशर (ई. २०१४), *बृहत्पाराशरहोराशास्त्रम्,* (व्यख्याकार पं पद्मनाभ शर्मा), चौखम्बा सुरभारती प्रकाशन ।

भृगु (२०७४), *भृगुसूत्रम्,* (पण्डित श्री सिद्धनाथशर्मकृत् सरलहिन्दीटीकासहितम्), खेमराज श्रीकृष्णदास ।

श्रीमञ्छतानन्दः (२०४२), *भास्वती,* (व्याख्याकार-आचार्य रामजन्म मिश्र, द्वि.सं.) वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०६४), *नेपाली साहित्यको संक्षिप्त इतिहास* (नवौं संस्करण), साझा प्रकाशन ।